नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

## मदिरा निषेध गरिएको बारे अत्यन्त जरुरी सूचना/ आदेश ।

सम्वत् २०७९ साल मंसिर ४ गते एकै चरणमा सम्पन्न हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयरहित वातावरणमा सम्पन्न गर्ने प्रयोजनका लागि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन विशेष सुरक्षा योजना २०७९ को दफा १८.३.१ को १० तथा जिल्ला सुरक्षा समिति कपिलवस्तुको मिति २०७९।०७।२८ को निर्णय समेतका आधारमा जिल्लाभर मिति २०७९।०७।२८ गते राती १०:०० बजे देखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ ओसारपसार विक्री वितरण तथा सेवनमा प्रतिबन्ध लगाईएको हुँदा यहि मिति २०७९।०७।२८ गते राती १०:०० बजे देखि मादक पदार्थ विक्री वितरण तथा सेवन नगर्नु/नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना/ आदेश जारी गरिएको छ ।

यदि कोही कसैबाट यो सूचना/आदेश बर्खिलाप गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

मिति:- २०७९।०७।२८

......................
धर्मेन्द्र कुमार मिश्र
प्रमुख जिल्ला अधिकारी